# सबै विदेशीहरूको लागि (नेपाली भाषा)



## तेस्रो पटकको कोरोना भाइरस विरुद्धको खोप (इनजेक्सन) को बुकिङ्ग शुरु

### 1, खाम भित्रको खोप कुपन हेर्नुहोस्

खाम भित्र, खोप कुपन र प्रारम्भिक चिकित्सा जाँच फाराम छन्। तपाईलाई पठाइएको खोप कुपनमा उल्लेखित खोप लिएको रेकर्ड (पहिलो र दोस्रो खोप लिएको मिति र खोपको नाम, प्रकार) मिल्छ कि मिल्दैन चेक गर्नु होस्।

*विदेशी भाषाको प्रारम्भिक चिकित्सा जाँच फाराम हेर्न सक्नु हुन्छ। यसको सहयोग लिएर जापानीज भाषाको प्रारम्भिक चिकित्सा जाँच फाराम भर्नेहोस।







### 2, खोप कुपन पाए पछि खोप लिने दिन र खोप केन्द्र बुकिङ्ग गर्न सकिन्छ

**Web वा फोनबाट बुकिङ्ग गर्नुहोस्।**

Web बाट https://urayasu.hbf-rsv.jp/

फोनबाट **उरायासु नगरपालिका कल सेन्टर 0120-151-670(फ्री डायल)**

समयः सोमवार देखि शुक्रवार (सार्वजनिक बिदाको दिन बिदा हुने) बिहान 8:30 देखि साँझ 5 बजे सम्म

① उरायासु-सीको होमेपेज (खोप लगाउने बारेमा)

② खोप बुकिङ्ग विशेष वेबसाइट

③ विदेशीहरूको लागि (अन्तराष्ट्रिय सेन्टरको होमपेज)

※ **खोप सम्बन्धी नयाँ जानकारीको लागि वेबपेज ①, ③ हेर्नुहोस्।**

### 3, खोप लगाउने दिन (तेस्रो पटकको खोप लगाउने दिन)

लिएर जाने कागजात

① **खोप कुपन**

② **प्रारम्भिक चिकित्सा जाँच फाराम** (घरमै भरेर ल्याउनुहोस्)
प्रारम्भिक चिकित्सा जाँच फाराम भर्ने बेलामा मेटाउन नमिल्ने डटपेनले लेख्नुहोस्।



③ **व्यक्तिगत परिचय खुल्ने परिचयपत्र**
(माइनम्बर कार्ड, ड्राइभिङ्ग लाइसेन्स, बीमा कार्ड, रेजिडेन्स कार्ड आदि)



- खोप लगाइ सके पछि पनि खोप कुपन नफाल्नुहोस्।
- खोप लगाउने दिन, सन्चो नभएमा खोप नलाउनुहोस्।
- खोप नलगाउने भएमा, अनिवार्य रूपले कल सेन्टरमा फोन गर्नुहोस्।
- बुकिङग गरेको समय भन्दा ढिला नआउनुहोस्। त्यो दिन खोप लगाउन नपाउन पनि सक्छ।
- सजिलै पाखुरा देखाउन मिल्ने लुगा लगाएर आउनुहोस्।
- १६ वर्ष भन्दा मुनीको व्यक्तिले खोप लगाउने बेलामा, प्रारम्भिक चिकित्सा जाँच फाराम बुबा-आमा वा अभिभावकलाई भर्न लगाउनुहोस्। अनि, खोप लगाउने दिनमा, २० वर्ष भन्दा माथिको व्यक्तिसँग आउनुहोस्।
- बसाई सरिसकेको (उरायासुबाट अन्य ठाउँमा बसाई सेरको) व्यक्तिले, उरायासु नगर भित्र खोप लगाउन पाउँदैन। हाल बस्ने ठाउँको पालिका कार्यालयमा सोधपुछ गर्नुहोस्।



**【खोपसँग सम्बन्धित प्रश्न भएको बेलामा】**

उरायासु नगरपालिकाको कोरोना भाइरस खोप कल सेन्टर ☎ **0120-151-670**

सोमवार देखि शुक्रवार (सार्वजनिक बिदाको दिन बिदा हुने) बिहान 8:30 देखि साँझ 5 बजे सम्म

**【खोप लगाए पश्चात् स्वास्थ्य खराब भएको बेलामा】**

चिबा-केन कोरोना भाइरस खोप साइड ईफेक्ट परामर्श काउन्टर ☎ **03-6412-9326**

२४ सै घण्टा (शनिवार, आइतवार, सार्वजनिक बिदाको दिनमा पनि परामर्श लिन सकिन्छ)